**संविधानको रक्षार्थ सबै जुटौं**

- संविधान देशको मूल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधानप्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरूप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ,
- संविधानसँग बाँझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratEEKdaily.com

**सूचना**

विश्वकर्मा पूजाको अवसरमा यस दैनिकको प्रकाशन २ गते बन्द रहने जानकारी गराउँछौं ।

**हाम्रो भेट असोज ३ गते हुनेछ।**

**प्रतीक** दैनिक

❖ वर्ष ३८ ❖ २०८१ असोज ०१ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 17 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१

## पत्रकार महासङ्घ रौतहटमा सदस्य सङ्ख्या घट्दै

प्रस, रौतहट, ३१ भदौ/

नेपाल पत्रकार महासङ्घले सदस्यता वितरणमा अनधिकृतरूपमा सङ्ख्या बढाएको आरोप लागेर देशभरिका जिल्ला, प्रदेश र केन्द्रको निर्वाचन प्रभावित भएको बेला रौतहटमा भने सदस्य सङ्ख्या विगत केही वर्षदेखि घटदै गएको पाइएको छ ।

नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका पूर्वसभापति रवीन्द्रप्रसाद साहको पालामा शाखा सदस्य सङ्ख्या ७६ थियो। उनकै पालामा नेपाल पत्रकार महासङ्घले सदस्यता सुदृढीकरण अभियान चलाउँदा २० जना सदस्यलाई हटाइएको थियो । पत्रकारिता नगरी अन्य पेशामा रहेका र पत्रकारको आवरण भिडेका २० जनालाई निष्कासन गरिएपछि रौतहटमा पत्रकार महासङ्घको सदस्य सङ्ख्या ५६ मा झर्‍यो ।

अहिले नेपाल पत्रकार महासङ्घ रौतहट शाखाले त्यो सङ्ख्याबाट पनि २१ जनालाई पुनः सुदृढीकरणको अभियान चलाएर सदस्यता नवीकरण गरेन । अध्यक्ष प्रेमचन्द्र झाले आफ्नो कार्य समितिबाट पत्रकारितामा सक्रिय नरहेका र अन्य पेशा व्यवसायमा लागेका २१ जनाको सदस्यता नवीकरण नगरेको र अब जिल्लाको सदस्य सङ्ख्या ३५ मा झरेको बताए। उनले विधानतः अधिवेशन सकिएपछि र पुनः अधिवेशन हुनु छ महीनाअगावै नयाँ सदस्यहरूको टुङ्गो लगाउनुपर्नेमा सोको विपरीत चुनावको समयमा सदस्यता वितरण गर्ने र त्यसबाट विवाद सृजना हुने गरेकाले विगत छ वर्षदेखि यो शाखाले नयाँ सदस्यता वितरण गरेकै छैन ।

यसपटक पनि यो शाखाले नयाँ सदस्यताका लागि आवदेन बुझेन र दिएन पनि। चुनाव लक्षित सदस्यता वितरणका कारण अहिले देशभरि विवाद सृजना भएपनि रौतहटमा भने त्यस्तो विवाद छैन । त्यसैले यो शाखाका अध्यक्षले विधानसम्मतरूपमा सदस्य वितरणको पक्षमा आवाज उठाउँदै आएका छन् ।

छ वर्षदेखि नयाँ सदस्यता नदिएको र सुदृढीकरणका नाममा सदस्य सङ्ख्या घटाउँदै गएकोले यो शाखाको सदस्य सङ्ख्या अहिले शाखा स्थापनाकालभन्दा पनि कम भएको छ ।

## पुस्तक बिक्री गर्न डा पुन सिम्रौनगढमा

प्रस, सिम्रौनगढ, ३१ भदौ/

राष्ट्रिय आविष्कार केन्द्रका वैज्ञानिक डा महावीर पुन सोमवार बाराको सिम्रौनगढ पुगेका छन्। उनीद्वारा लिखित आत्मकथा पुस्तक बिक्रीका लागि आज त्यहाँ पुगेका डा पुनलाई नागरिक समाज सिम्रौनगढले भव्य स्वागत गरेको थियो।



डा पुनद्वारा लिखित पुस्तक बिक्री गरेर सोबाट हुने आम्दानी वीरगंजस्थित कृषि औजार कारखाना सञ्चालनमा खर्चिने उद्देश्य रहेको छ । उनले ऐतिहासिक, धार्मिक एवं पर्यटकीयस्थल सिम्रौनगढ आफूलाई औधी मन पर्ने स्थान भएको बताए ।

उनले यसको संरक्षण हुनुपर्नेमा जोड दिए । उनले आफूद्वारा लिखित आत्मकथामा जीवनमा भोगेका सबै कुरालाई वर्णन गरेको र देशविदेशमा यो पुस्तक बिक्री गर्ने योजना रहेको बताए। उनले पुस्तक बिक्रीबाट २० करोड रुपैयाँ सङ्कलन गर्ने लक्ष्य राखेर अभियान शुरू गरेको र अहिलेसम्म नौ करोड रुपैयाँ बराबरको पुस्तक बिक्री गरिसकेको बताए ।

कार्यक्रममा नागरिक समाज सिम्रौनगढका अध्यक्ष अरविन्द कुशवाहा, सुजित कुशवाहा, मनोज जैसवाल, मोहन अग्रहरी, बतहु यादव, महेन्द्र कुशवाहा, वीरबहादुर कुशवाहालगायतको सहभागिता थियो ।

## पर्साको ग्रामीण क्षेत्रमा पेट्रोलको अनधिकृत बिक्री

प्रमोद यादव, पंचगावाँ, ३१ भदौ/

पर्सा जिल्लाको ग्रामीण क्षेत्रमा पेट्रोलियम पदार्थको कालाबजारी भइरहेको स्थानीयले गुनासो गरेका छन्।



नेपाल आयल निगमले पेट्रोल प्रतिलिटर रु १५६.५० कायम गरेको छ। तर सखुवाप्रसौनी, पटेर्वासुगौली, जगरनाथपुर गाउँपालिका र पर्सागढी नगरपालिकालगायत जनता सडक, गण्डक सडक, थरुहट सडकहरूमा रहेका किराना, पान, हार्डवेयर पसल र सडकपेटीमा पेट्रोल अनधिकृतरूपमा महँगो मूल्यमा बिक्री भइरहेको छ ।

ती स्थानहरूमा अहिले प्रतिलिटर पेट्रोल रु १८० देखि २०० सम्ममा बिक्री भइरहेको पटेर्वासुगौलीका मुन्ना तिवारीले बताए ।

ग्रामीण क्षेत्रका पालिकाहरूमा बजार अनुगमन समिति गठन भएपनि चुनावमा मत नपाउने डरले स्थानीय जनप्रतिनिधिहरूले यस प्रकारका गलत क्रियाकलाप गर्नेविरुद्ध कारबाही गर्न नसकेको उनी बताउँछन. । उनले पेट्रोलियम पदार्थको बिक्री वितरण नेपाल आयल निगमसँग अनुमति लिएर उसले तोकेको मापदण्ड अनुसार बिक्री गर्नुपर्ने व्यवस्थाविपरीत अनधिकृतरूपमा बिक्री भइरहेको बताए ।

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले पालिकाहरूमा रहेका बजार अनुगमन समितिले यसविरुद्ध कारबाही गर्नुपर्ने बताए । उनले पालिकास्तरका बजार अनुगमन समितिले काम नगर्दा आगामी दिनमा जिल्लास्तरीय बजार अनुगमन समितिलाई ग्रामीण क्षेत्रमा पठाएर यस प्रकारका ठगी र गैरकानूनी कार्य रोकिने बताए ।

## कृषि र उद्योगमा युवा सहभागिता बढाइने -मुख्यमन्त्री

प्रस, वीरगंज, ३१ भदौ/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले कृषि, उद्योग र जनशक्तिको सहयोगमा प्रदेशमा समृद्धि हासिल गर्न सकिने बताएका छन् ।

वीरगंजमा नेपाल उद्योग परिसङ्घको युवा उद्यमी मञ्च मधेस प्रदेश च्याप्टर गठन कार्यक्रमको उद्घाटन गर्दै उनले नेपाल उद्योग परिसङ्घ युवा उद्यमी मञ्चले युवालाई स्वदेशमैं स्वरोजगारको गर्ने प्रतिबद्धता पनि व्यक्त गरे । सिंहले मधेस प्रदेशमा मुख्यमन्त्रीसँग निजी क्षेत्र नामक कार्यक्रमको तयारी अन्तिम चरणमा रहेको बताए ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले परिसङ्घले सरकारलाई बजेट निर्माणदेखि नीतिगत सुझाव दिंदै आएको बताए। उनले युवा र महिला उद्यमी मञ्चद्वारा उद्यमशीलताको विकासमा उल्लेखनीय योगदान भइरहेको सीप नेपाल कार्यक्रम उत्पादन गर्न मञ्चले महत्त्वपूर्ण भूमिका खेल्ने दाबी गरे । उनले विद्यमान बेरोजगारी समस्या समाधान गर्न नवाचारमार्फत उत्पादनशक्ति बढाउने योजना अघि सारिएको बताए ।

आज भएको भेलाले रजत बजाजको अध्यक्षतामा नेपाल उद्योग परिसङ्घको युवा उद्यमी मञ्च मधेस प्रदेश च्याप्टर गठन गरेको छ । मञ्चको मधेस प्रदेश च्याप्टरमा अनन्या रूँगटा (लर्निङ चेयर),



अवसर प्रदान गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

उनले युवाहरूलाई विदेश पलायन हुन नदिन स्वदेशमैं सीपयुक्त बनाउँदै टिकाउन सरकारले मञ्चसँग सहकार्य अन्तर्गत हालसम्म ४३ सय युवालाई विभिन्न सीप प्रदान गरिएको बताए ।

मधेस प्रदेश परिसङ्घ अध्यक्ष प्रमोदकुमार साहले युवा उद्यमीलाई एकीकृत गरी प्रदेशमा सीपयुक्त जनशक्ति दीपक साह (स्टार्ट अप चेयर), आयुषी तुल्स्यान (कम्युनिकेशन एन्ड नेटवर्क चेयर), मोहित खण्डेलवाल (फाइनान्स चेयर) र तनुश्री अग्रवाल (मेम्बरशिप चेयर) रहेका छन् ।

## शिक्षक महासङ्घमा कुरा मिल्यो

प्रस, वीरगंज, ३१ भदौ/

वीरगंज महानगरपालिकाको शिक्षा महाशाखाले गत साउन ११ गते गरेको शिक्षक दरबन्दी मिलानपछि सिर्जित विवाद भदौ २८ गते शुक्रवारदेखि मत्थर भएको छ ।

शिक्षक दरबन्दीबारे महानगरको निर्णयविरुद्ध निरन्तर आन्दोलनरत नेपाल शिक्षक महासङ्घ वीरगंज महानगर समिति र महानगरबीच शुक्रवार पाँच बुँदे सहमतिपछि विवाद सुल्झिएको हो । तर द्विपक्षीय यो सहमतिमा नेपाल शिक्षक महासङ्घका शिक्षकहरूले लिखित बुँदामा शिक्षकहरूको माग सम्बोधन नभएको भने र भदौ २९ गते सहमतिमा हस्ताक्षर गरेका शिक्षक महासङ्घ वीरगंज महानगर समितिका अध्यक्ष प्रदीप जैसवालविरुद्ध आक्रोश पोखेका थिए ।

सो बैठकमा अध्यक्ष जैसवालले ३१ जना शिक्षक जो समस्यामा परेका थिए, उनीहरूको दरबन्दी मिलान बदर गरिएको सफाइ दिएका थिए । यसैगरी, अब महानगरले दरबन्दी मिलान गरेकामध्ये तोकिएका विद्यालयमा हाजिर भएर काम गर्दा सिर्जित समस्याको महानगरले समाधान गर्ने आश्वासन दिएको उनले बताएका थिए ।

अध्यक्ष जैसवालको सो कुरामा शिक्षकहरूले असन्तुष्टि जाहेर गरेपछि नेपाल शिक्षक महासङ्घ, पर्साले आज पालिकास्तरीय पदाधिकारीहरूको भेला गरेको थियो । भेलामा पनि अध्यक्ष जैसवालले सोही कुरा दोहोऱ्याएर भोलि आइतवार ३१ जना समस्याग्रस्त शिक्षकको दरबन्दी मिलानको नाममा भएको सरुवा बदरको पत्र तयार हुने बताए ।

उनले सबै कुरा सहमतिपत्रमा उल्लेख नभएको र आपसी समझदारी कायम भएको जानकारी गराएका थिए। जिल्ला अध्यक्ष तीर्थराज यादवको अध्यक्षतामा बसेको बैठकले सहमति र आपसी समझदारीका विषयमा हुने निर्णयहरूको अवलोकन गरिने र महानगरबाट पक्षपात गरिएको खण्डमा सिङ्गो जिल्ला विरोधमा उत्रने निर्णय गरेको छ ।

यसैगरी, बैठकले आगामी आमनिर्वाचनमा शिक्षकविरुद्ध लाग्ने पर्साका १४ वटै पालिकाका जनप्रतिनिधिलाई पार्टीगतरूपमा निर्वाचनमा नउठाउन र उठाएको खण्डमा सो उम्मेदवार र पार्टीविरुद्ध खुलेर चुनावी मैदानमा विपक्षमा मत माग्ने निर्णय गरेको छ। शिक्षकहरूलाई आग्रह, पूर्वाग्रह, आर्थिक र नातावाद, कृपावादका आधारमा वर्गीकरण गरेर

(बाँकी अन्तिम पातामा)

## मोहम्मद डे वीरगंजमा हर्षोल्लासले मनाइयो

प्रस, वीरगंज, ३१ भदौ/

इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मजयन्ती वीरगंजमा पनि हर्षोल्लासका साथ मनाइएको छ। वीरगंज महानगरका मुर्ली, छपकैया, आदर्शनगर, रामटोल, नगवा, गहवा, श्रीपुर, रानीघाटलगायतका स्थानबाट बाजागाजासहित निकालिएको ऱ्याली घण्टाघरमा भेला भएर कोणसभा गरी समापन भएको छ।

कोणसभामा वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमलगायतले शुभकामना व्यक्त गरेका थिए। मोहम्मद डेको अवसरमा मधेस प्रदेश सरकारले आज सार्वजनिक बिदा दिएको छ भने सङ्घ सरकारले देशभरिका मुस्लिम समुदायलाई सार्वजनिक बिदा घोषणा गरेको छ ।

आज वीरगंजका मुस्लिम समुदायले मस्जिदमा कुरान पाठ गरे, हजरत मोहम्मदका उपदेश स्मरण गरे, अनि सामूहिक भोजन गरी एकअर्कामा शुभकामना साटासाट गरेका थिए ।



**विचारसार र सुक्तिहरू**

**दुःखको कारण मृत्यु होइन, सम्बन्ध हो । किनकि मानिस नचिनेको मानिसको मृत्युप्रति संवेदनशील हुँदैन, तर आफन्तको मृत्युमा दुःखी हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# सेवा केन्द्र पालिकामा देऊ

**मुलुकमा सङ्घीय प्रणाली लागू भएपनि सर्वसाधारण सेवाग्राहीले पाउने सेवासुविधासम्बन्धी व्यवस्थामा खासै परिवर्तन आएको छैन । महिला विकास, स्वास्थ्यलगायत केही कार्यालय तथा सेवा केन्द्र स्थानीय तहमा गाभिएका छन् तर जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयहरू भने अझै जिल्ला सदरमुकाममा सीमित छन् । जिल्ला प्रशासन कार्यालय, भूमिसुधार कार्यालय, मालपोत, मेन्टेनेन्स नापी कार्यालय जस्ता महत्त्वपूर्ण सेवाहरू अहिले पनि सदरमुकाम केन्द्रित छन् । यसले सदरमुकामभन्दा टाढा बसोबास गर्ने सेवाग्राहीहरू आज पनि ठूलो समस्यामा छन् । सानो काम गर्न पनि उनीहरूलाई सदरमुकामको लामो यात्रा गर्नुपर्छ । जिल्लाभरिका सेवाग्राहीलाई एउटै कार्यालयबाट सेवा प्रदान हुँदा कार्यालय पुगेकै दिन सेवा पाइन्छ भन्ने छैन । कतिपय कार्यालयमा त अर्को दिन आउनु भनेर कूपन थमाइदिइन्छ । अर्को दिन त्यस कार्यालयमा पुग्दा निवेदन फाइल नै हराइसकेको हुन्छ । जिल्ला प्रशासन कार्यालय, धनुषाबाट नागरिकताको प्रतिलिपि लिन एक महिलालाई एक वर्ष लागेको समाचार भर्खरै सार्वजनिक भएको थियो । सदरमुकाम केन्द्रित सेवाप्रवाहले सेवाग्राहीको समय बर्बाद हुनुका साथै मानसिक तनावका साथै आर्थिक बोझ थोपरिरहेको हुन्छ, जसले जनताको दैनिकीमा चुनौती थपेको छ ।**

**संवैधानिक व्यवस्था अनुसार जनतालाई सुलभ र द्रुत सेवा प्राप्त गर्नका लागि सेवा केन्द्रहरू पालिकास्तरमा उपलब्ध हुनुपर्छ । नेपालको संविधान, २०७२ को स्थानीय सरकारसम्बन्धी व्यवस्था खण्डमा धारा ५५ को उपधारा १ मा "सङ्घीय संरचनामा सङ्घ, प्रदेश र स्थानीय तहले जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने र सेवा दिने प्रणाली स्थापित गर्नुपर्नेछ" भनिएको छ । उपधारा २ मा "स्थानीय तहले स्थानीय सेवाहरूको व्यवस्थापन, आपूर्ति र सम्पादन गर्नेछन्, जसमा नगरपालिकाहरू, गाउँपालिकाहरू र अन्य स्थानीय निकायहरूलाई समावेश गरिन्छ" उल्लेख छ ।**

**पर्साको धोबिनी गाउँपालिकाका बासिन्दाले स्थानीयस्तरमा सेवा केन्द्र स्थापना गरिदिन अनुरोध गर्दै मुलुकका प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र पठाएका छन् । यस अघि पोखरियामा सेवा केन्द्र सञ्चालनका लागि माग हुँदै आएको छ । पर्साकै सुपौलीमा गत हप्तादेखि इलाका प्रशासन कार्यालय पुनः सञ्चालनमा आएको छ । हप्तामा एक दिन सञ्चालन हुने सेवा केन्द्रले सेवाग्राहीलाई सहुलियतभन्दा पनि सास्ती दियो । सबै कुरा मिलेको एउटा नागरिकता बनाउन तीन महीनासम्म लागेको समाचार आएकै हो । पहिलो हप्ता निवेदन दर्ता, दोस्रो हप्ता सनाखत, तेस्रो हप्ता पालै पाएन, चौथो हप्ता गर्दै ... । एक दिन पालो पाएन भने एक हप्ता पर्खनुपर्ने । आजित भएका सेवाग्राहीहशले इलाका सेवा केन्द्रको बोर्डसमेत उखेलेर फाले । यही किसिमको सेवा केन्द्रले धोबिनी, पोखरिया वा अन्यत्र कतैको पनि समस्या समाधान हुँदैन । अबको सेवा केन्द्र संविधानमा व्यवस्था भए अनुसारको हुनुपर्छ । अधिकांश पालिकामा इन्टरनेट, बिजुली, बैंक, सुरक्षालगायतका पूर्वाधार तयार भइसकेका छन् । सरकारले कर्मचारी दिन सक्दैन भने पालिकाकै जनशक्तिलाई प्रशिक्षित गरेर जिम्मा लगाउन सकिन्छ । अबको माग त्यता हुनु पर्छ, संवैधानिक अधिकारको प्रयोगतर्फ हुनुपर्छ । अधिकार प्रत्यायोजन गर्न नचाहने तत्त्वहरू छन् । त्यस्ताका छेकबारविरुद्ध मुलुकका सबब पालिका एक हुनुपर्छ ।**

# बोल्डर कि Rock ?

स्वतन्त्र विचार



**विनोद गुप्ता**

**आजका दिनमा सुन, शरणार्थीदेखि सहकारीकाण्डसम्ममा कुनै न कुनै दलका नेता संलग्न रहेको पाइएको छ । अझ सहकारीमा सर्वदलीय संलग्नता नै भएको देखिँदै छ । भारतलाई विस्तारवादी भन्नेहरूले नै महाकाली सन्धि गरेका होइनन् ?**

बेलायतका नेपाली इतिहासका ज्ञाता John Whelpton ले महेशचन्द्र रेग्मीको व्याख्यानको १७औं संस्करणमा नेपालका सुप्रसिद्ध इतिहासकारद्वय बाबूराम आचार्य र योगी नरहरिनाथद्वारा संयुक्तरूपमा सम्पादित बडा महाराजाधिराज पृथ्वीनारायण शाहको दिव्य उपदेश पुस्तकमा नेपाल 'दुई ढुङ्गाबीचको तरुल' लाई 'Nepal is like a yarn between two rocks' भनेर उल्लेख गरेको समाचार १५ सेप्टेम्बरको The Kathmandu Post मा विद्वान् प्राध्यापक अभि सुवेदीको यही शीर्षकको खेलमा उल्लेख भएको पाइन्छ । तर ब्रिटिश इतिहासकारको rock शब्दको प्रयोग भने नेपाल तथा एशिया अध्ययन केन्द्रका निर्मलमान तुलाधरलाई उपयुक्त नलागको पनि लेखमा उल्लेख गरिएको छ । यस व्याख्यानमा चीन र भारतको इतिहासको कुरा उठाउँदै इतिहासकार जोन चीनमा Quing dynasty को शासन शिखरमा रहेको बेला भारत बाह्यभन्दा आन्तरिक उपनिवेशवादबाट प्रभावित भएर हिंडेको थियो, जसलाई forced unification by colonial power को रूपमा चित्रण गरे पनि यसले आजको दिनमा तरुललाई कसरी प्रभावित गरिहेको छ भन्ने उल्लेख नगरेपनि आलेखका विद्वान् लेखकले rock को सट्टा boulder (ढुङ्गा) शब्द प्रयोग गर्दै चीन र नेपालबीच भने यस्तो समस्या नरहेको उल्लेख गरेका छन् । सारांशमा ब्रिटिश इतिहासकार जोन paradism shift र accomodation approach नेपाल र भारत दुवैका लागि ठीक हुने निष्कर्ष दिन्छन् । तर चीनसँगको सम्बन्धबारे उनको आलेखमा केही उल्लेख छैन ।

वर्तमानमा हेर्दा नेपालको जसरी भारतसँग सीमा समस्या छ, त्यसैगरी चीनसँग पनि छ । भारतसँग ७८ ठाउँमा छ भने चीनसँग ७ ठाउँमा छ । भारत ढिलोगरी सीमा सम्बन्धमा कुरा गर्न तयार भएको छ तर चीनले एकतर्फी रूपमा नेपालसँग सीमा समस्या छैन भनेर वार्ता नै गरेको छैन । लिपुलेक, लिम्पियाधुरा, कालापानी प्रकरणमा नेपालीको दाबीलाई चीनले साथ दिनुको सट्टा भारतसँग लिपुलेकबाट व्यापार वृद्धि गर्न सम्झौता नै गरिसकेको छ । यस अवस्थामा तुलनात्मकरूपमा हेर्दा भारतले इपिजी रिपोर्ट नबुझ्नुलाई गम्भीर लापरवाही माने, चीनले कालापानी प्रकरणमा केही नेपाली त्रिदेशीय बिन्दु निर्धारणमा नेपाललाई सहभागी नै नगराई भारतसँग सम्झौता गर्नुलाई के ख्याल–ठट्टा मान्न सकिन्छ ?

बडा महाराजाले आर्जेको नेपाल गङ्गावारिसम्म हो । सुगौली सन्धिपछि हामी खुम्चिएका हौं । यो प्राचीनताले भारतभित्र पनि एउटा नेपाल छ । एउटा स्थानीय प्रकारको छ, जुन दार्जीलिङ, सिक्किमलगायत क्षेत्रमा बस्छ भने कुमायु, गढवाल, पिथौरागढ, पञ्जाबको लुधियाना, उत्तर प्रदेशको कानपुर, लखनऊ, बनारस तथा गोरखपुरजस्ता शहरमा बसोवास गर्दछ भने देस्रो थरीको नेपाल तराईको समथर र पश्चिम पहाडमा बस्न पुग्दछ । सीमान्तमा जन्मेकाहरूका लागि रोटीबेटीको सम्बन्ध भनिए पनि नेपालको कुलीन र कथित उच्च घरानाको पनि भारतसित त्यत्तिकै रोटीबेटीको सम्बन्ध छ । तर काठमाडौंमा बसोवास गर्ने केहीको लागि भने भारत कालो छ किनभने उनीहरूले भारतले गरेको नाकाबन्दी र त्यसबाट उत्पन्न दुष्प्रभाव भोगेका छन् । त्यस्तै राजधानीका सक्रिय राजनीतिकर्मीहरूमध्ये केही, अनि राष्ट्रवादीहरू भारतलाई नेपालको सुरक्षाको लागि चुनौती र विस्तारवादी भएको देख्दछन् । चीनमा नेपाल छैन, भेटिंदैन, तर काठमाडौंमा सानोतिनो चीनसम्म छ भन्न सकिन्छ । अरनिको र भृकुटीकालदेखि सुमधुर रहेको हाम्रो सम्बन्ध भएपनि चीनले सगरमाथाको दक्षिणी मोहडालाई आफ्नो आधिपत्यमा लिइ नै सकेको र अहिले आएर पर्वतारोहीहरूले सगरमाथाको चौथो आधार शिविरमा पुग्नासाथ समय परिवर्तन हुने कुरा पटकपटक सार्वजनिक गरे पनि चुइँक्क बोल्न नसक्ने हाम्रा बुद्धिजीवी र नागरिक समाज कसरी yarn को लागि दुवैतर्फ पाराडिज्म शिफ्ट र अकोमोडेशन अप्रोचमा जाला सोच्नुपर्ने अवस्था आएको छ । चीन शासित हङकङमा नेपाल बस्छ तर त्यो बसाइ अङ्ग्रेजको शासनकालको हो । त्यसैले दुवै राष्ट्र अर्थात् भारत र चीनले आआफ्नो डम्फु बजाइरहँदा हामी र हाम्रो सरकार किन बोल्न सकेको छैन भन्ने प्रश्न उठ्छ ।

यसको उत्तर खोज्दै जाँदा हामी आफ्नो धरातलमा बलियेसँग उभिन नसकेको सङ्केत पाउँछौं । स्व बिपी कोइरालाले प्रधानमन्त्रीको हैसियतमा १५ महीनाको राजासँगको द्वन्द्वसहितको शासनकालमा चीनको सगरमाथाको दक्षिणी मोहडा सुम्पिन इन्कार मात्र गरेनन्, भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपालको सार्वभौमिकता र सुरक्षाका सम्बन्धमा संसद्मा दिएको बयानको विरोध गरी फिर्ता लिन लगाउनुका साथै इजरायललाई मान्यता दिने, बिर्ता उन्मूलन र भूमिसुधार योजनाका साथै नेपालको पहिलो पञ्चवर्षीय योजनासमेत बनाएर लागू गराउन सके भने तिनका उत्तराधिकारीले राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रमा त्यस्तो भूमिका निर्वाह नै गर्न सकेनन् किनभने यिनको ध्यान प्रतिष्ठा बनाउनेभन्दा सम्पत्ति कमाउनमा रह्यो ।

आजका दिनमा शरणार्थीदेखि सहकारीसम्म, सुनदेखि विभिन्न काण्डमा कुनै न कुनै दलका नेता संलग्न रहेको पाइएको छ । अझ सहकारीमा सर्वदलीय संलग्नता नै भएको देखिँदै छ । भारतलाई विस्तारवादी भन्नेहरूले नै महाकाली सन्धि गरेका होइनन् ? त्यस बेला नै भारतीय पक्षले कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ता पाउने पत्र नेपालसँग छ भनेको होइन र ? तर आज किन कोही बोल्दैन । किनभने सबै भ्रष्टाचारको भासमा फसेका छन् र त्यसको प्रमाण कहीं न कहीं सुरक्षित छ । त्यसैले यिनको हैसियत याचकभन्दा माथि उठ्न सकेको देखिंदैन ।

इतिहास हेर्दा भारतले स्वतन्त्रता सङ्ग्रामपछि गर्नुपरेको राजारजौटाहरूको एकीकरणमा नेपाल र यसको सेना र त्यसैगरी स्व टङ्कप्रसाद आचार्य प्रधानमन्त्री भएपछि चीनले नेपालसँग युद्ध हारेबापत बर्सेनि बुझाउने गरेको नजराना मिनाहा गरेको प्रसङ्गले दुवै छिमेकी बोल्डर र हामी तरुल भएको ठीक मान्न सकिन्छ तर त्यसपछिको ७०–७५ वर्षको यात्रामा दुवै छिमेकी rock बन्न पुगेको र हामी yarn अर्थात् तरुल नै रहेको ब्रिटिश इतिहासविद् जोनको भनाइसँग असहमत हुनुपर्ने कुनै कारण देखिंदैन ।

# खोला किनारको २० मिटर विवादः सरकारद्वारा पुनरावलोकन निवेदन दर्ता

काठमाडौं, ३० भदौ/रासस

उपत्यकाका खोला किनारासम्बन्धी सर्वोच्च अदालतले गरेको फैसलामा पुनरावलोकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निवेदन दर्ता गराएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय डा आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले २०८० पुस ३ गते गरेको फैसलामा खोला किनारबाट २० मिटर छोड्नुपर्ने र नदी किनारका सरकारी जग्गा अतिक्रमण गरी बनाइएका बस्ती हटाउन भनिएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट सचिव फणिन्द्र गौतमले महान्यायाधिवक्ताको कार्यालयमार्फत दर्ता गराइएको उक्त निवेदनमा संवैधानिक, कानूनी र व्यावहारिक समस्या सिर्जना हुने तथ्यहरू जानकारी हुन आएकाले उक्त फैसला कार्यान्वयन गर्न नसकिने प्रकृतिको हुँदा पुनरावलोकन निवेदन दर्ता गरिएको उल्लेख छ ।

"नदी/खोला किनारामा के कति तटीय क्षेत्र छोड्ने भन्ने विषय नितान्त कार्यपालिकाको कार्यक्षेत्रभित्र पर्ने विषय हो," निवेदनमा भनिएको छ, "यस्ता विषयमा भौगोलिक अवस्था, जनघनत्व, जग्गा तथा संरचना अधिग्रहण गर्दा लाग्ने अनुमानित लागत, सोबाट व्यक्ति, संस्था, समुदाय, निकायलाई पर्ने प्रभाव/असरसमेतलाई मूल्याङ्कन, विश्लेषण गरी कार्यपालिकाले निर्णय गर्नुपर्नेमा उल्लिखित आदेश सोको प्रतिकूल छ ।"

अदालतको आदेश सधैं र सबै अवस्थामा कार्यान्वयनयोग्य हुन नसकी यस्तो विषय न्यायिक व्यवस्थापकीय मापदण्डभन्दा बाहिरसमेत पर्न आउने हुँदा अन्य स्वायत्त निकायले लिने र लिनुपर्ने नीतिगत निर्णयका विषयमा अदालतले हस्तक्षेप नगरी स्वेच्छिकरूपमा न्यायिक आत्मसंयम अपनाउन वाञ्छनीय देखिन आउँछ भन्ने सिद्धान्तविपरीत भएको निवेदनमा उल्लेख छ ।

पुनरावलोकन निवेदनमा भनिएको छ, "आदेश सर्वोच्च अदालतबाट सन्दीप शाहसमेत विरुद्ध काठमाडौं उपत्यका नगर विकास समितिसमेत भएको मुद्दामा प्रतिपादित, राज्यले नागरिकको बसोबासको अधिकारको सकारात्मक कार्यान्वयनका लागि संविधानले नै दायित्व सृजना गरी राखेको अवस्थामा कुनै नागरिकले आफ्नो सामर्थ्यबाट सृजना गरेको बसोबाससँग सम्बन्धित साम्पत्तिक हकमा अतिक्रमण गर्ने कुरा सामान्य अवस्थामा कल्पनासमेत गर्न सकिंदैन ।"

नागरिकको मौलिक हकका रूपमा संविधानले स्थापित गरेको यस्तो अधिकार कार्यान्वयन गर्न राज्यलाई केही पूर्वतयारी आवश्यक पर्नु एउटा पक्ष हुन सक्ने भएको पुनरावलोकन निवेदनमा भनिएको छ । भइरहेको बसोबासमाथि हस्तक्षेप गरी निर्बाधरूपमा उपभोगमा असर पुर्‍याउने काममा राज्य क्रियाशील हुन नहुने भनी प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूलमा हुँदा सो परमादेशको आदेश जारी हुने गरी भएको फैसला पुनरावलोकन गर्न भनिएको छ ।

अदालतबाट देवी महर्जनविरुद्ध सडक विभागसमेतको मुद्दामा मिति २०८० असोज २२ मा आदेश हुँदा अन्य कुराका अतिरिक्त विकास निर्माणका क्रममा विस्थापनलाई न्यूनतम गरिनुपर्ने र कमभन्दा कम व्यक्तिलाई क्षति पुग्नेगरी विकास निर्माण गरिनुपर्छ भन्ने विकल्पविहीन अवस्थामा बाहेक व्यक्तिको आवासको सुरक्षालाई असर पर्नेगरी कुनै कार्य गर्नुहुँदैन भन्ने सिद्धान्त प्रतिपादन भएको निवेदनमा उल्लेख छ ।

"संवैधानिक सीमाभित्र रही सरकारले नागरिकको हित र मुलुकको विकासका लागि स्रोत र साधनको समुचित व्यवस्थापन गर्दै क्रमशः कार्यान्वयन गर्नुपर्ने



विषयमा कुनै विश्लेषण नगरी, प्रभाव, असर सम्बन्धमा कुनै तथ्य, तथ्याङ्क पत्ता नलगाइ भएको आदेश कार्यान्वयन गर्दा के कस्तो असर/प्रभाव पर्छ ?" निवेदनमा भनिएको छ, "के कति घर, जग्गाहरू अधिग्रहण गर्नुपर्ने हुन्छ ? यसरी अधिग्रहण गर्दा सोको क्षतिपूर्तिबापत के कति रकम आवश्यक पर्छ ? सो कार्य गर्दा त्यस क्षेत्रमा बसोवास गर्ने जनता, बैंक तथा वित्तीय संस्था तथा सरकारलाई के कस्तो प्रभाव असर पर्छ भन्ने सम्बन्धमा मिति २०८१ भदौ १६ मा गठन भएको कार्यदलले २०८१ भदौ २५ मा दिएको प्रतिवेदन बमोजिम काठमाडौं उपत्यकामा १९ वटा खोला रहेको हुनाले ती खोलाको दायाँबायाँ अदालतको आदेश बमोजिमको क्षेत्रभित्र करीब आठ हजार ३०४ घर तथा टहरा र करीब ३० हजार रोपनी जग्गा समेटिने देखिन्छ ।"

पुनरावलोकन निवेदनमा अदालतको आदेश कार्यान्वयन गर्दा यससम्बन्धी प्राविधिकबाट भएको प्रारम्भिक अध्ययनबाट उल्लिखित संरचना तथा जग्गाको मूल्य बमोजिम अधिग्रहण गर्न करीब रु २१ खर्ब २६ अर्ब लाग्ने, जुन रकम वर्तमान वार्षिक पूँजीगत खर्चको हिसाबले झन्डै सात वर्षको, विकास बजेट बराबर हुने अनुमान गरिएको उल्लेख छ ।

निवेदनमा उक्त क्षेत्रको घरजग्गालाई बैंक तथा वित्तीय संस्थामा धरौटी राखी धेरै व्यक्तिले कर्जा लिएको अवस्था भएको र ती बैंक तथा वित्तीय संस्थाको रकमसमेत सङ्कटमा पर्ने, सो क्षेत्रमा बसोवास गर्ने ठूलो सङ्ख्याका जनता पुनर्वाससम्बन्धी समस्यामा पर्ने, सरकार र सम्बद्ध निकायबाट प्रचलित कानून, मापदण्ड बमोजिम स्वीकृति, मान्यता दिएकोमा पुनः फरक मापदण्डका आधारमा सोही स्थानका जमीन तथा संरचना अधिग्रहण गर्नाले राज्यप्रति तीव्र असन्तोष उत्पन्न हुन सक्ने भनिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# कास्कीमा डेङ्गीबाट तीनजनाको मृत्यु, ३७ सय बढी सङ्क्रमित

गण्डकी, ३१ भदौ/रासस

कास्कीमा डेङ्गी सङ्क्रणबाट तीनजनाको मृत्यु भएको छ । पोखरा महानगरपालिका–५ का ५२ वर्षीया महिला, १२ का ४० वर्षीय र १० का ८० वर्षीय पुरुषको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ। कार्यालयका भेक्टर कन्ट्रोल अधिकृत याम बरालका अनुसार गत जनवरी यता जिल्लाका ३,७६८ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ ।

आइतवारसम्म सबैभन्दा बढी पोखरा महानगरपालिकामा ३,१११, अन्नपूर्ण गाउँपालिकामा २३, माछापुछ्रे गाउँपालिकामा ४०, मादी गाउँपालिकामा १० र रूपा गाउँपालिकामा १३ जनामा डेङ्गी सङ्क्रमण देखिएको हो ।

यस्तै अन्य जिल्लाका २६३ र ठेगाना नखुलेका ३०८ गरी कास्कीमा कुल ३,७६८ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको हो । पोखरा महानगरपालिका वडा नं ५ र ८ लगायत वडा डेङ्गुको प्रकोपबाट बढी प्रभावित भएको भेक्टर कन्ट्रोल अधिकृत बरालले बताए । जनघनत्व बढी भएका ठाउँमा सङ्क्रमण छिटो फैलने हुँदा पोखरा डेङ्गीको 'हट स्पट' बनिरहेको उनले बताए । स्वास्थ्य कार्यालयले डेङ्गीको उपचारका क्रममा पोखराका अस्पतालमा ज्यान गुमाउनेमा अन्य जिल्लाका सङ्क्रमितसमेत रहेको जनाएको छ ।

सङ्क्रमण तीव्र बन्दै जाँदा उक्त रोग सङ्क्रमणबाट जोगिन विशेष सावधान रहन चिकित्सक तथा स्वास्थ्यकर्मीले सुझाएका छन् । स्वास्थ्य कार्यालय प्रमुख रामबहादुर नेपालीले सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुन सक्ने भएकोले रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्न आग्रह गरे ।

पछिल्लो तीन महीनामा डेङ्गी सङ्क्रमणको दर ह्वात्तै बढेको र अब समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके महामारीको रूप लिन सक्ने प्रमुख नेपालीले बताए । "डेङ्गीलाई सामान्य रूपले नसोचौं, यसका अप्रिय उदाहरण हामीसँग छन्"–उनले भने– "सङ्क्रमणपछि उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै बिरामीको मृत्युसमेत हुन सक्छ । यसैले डेङ्गी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्छ ।"

धवलागिरि उपप्रादेशिक अस्पतालका प्रमुख डा रविरञ्जन प्रधानले डेङ्गी सङ्क्रमण हुँदैमा आत्तिहाल्नु नपर्ने बताए । डेङ्गी सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्न उनले आग्रह गरे । डेङ्गी भएमा आराम गर्ने, पानीलगायत झोलिलो पदार्थ प्रशस्त पिउने र जथाभावी औषधिसेवन गर्न नहुने डा प्रधानले बताए । ज्येष्ठ नागरिक, दीर्घरोगी, गर्भवती र बालबालिकामा डेङ्गी सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने उनले बताए । "अधिकांश सङ्क्रमित सामान्य उपचार र हेरचाहपछि निको हुन्छन्, कतिपयमा डेङ्गुले जटिलता ल्याउन सक्छ । त्यसैले सामान्य रोग हो भन्ने सोचेर लापरवाही गरेमा ज्यानै जोखिममा पर्न सक्छ"–उनले भने ।




**मोहम्मद जयन्तीमा र्‍याली** : मुस्लिम धर्मका प्रवर्तक पैगम्बर मोहम्मदको जन्मदिनको अवसरमा सोमवार वीरगंजको घण्टाघरमा मुस्लिम समुदायले निकालेको र्‍यालीमा सहभागीहरू । मधेस प्रदेश सरकारले आज मोहम्मद जयन्तीका अवसरमा मधेस प्रदेशमा सार्वजनिक बिदा दिएको छ । तस्बिर : हिमाल लम्साल/रासस

# अधिकांश धितोपत्र दलालको टिएमएसमा समस्या

काठमाडौं, ३१ भदौ/रासस

सोमवार बिहान अधिकांश धितोपत्र दलाल (ब्रोकर) कम्पनीको अनलाइन कारोबार प्रणालीमा समस्या देखिएको छ ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)को अनलाइन कारोबार प्रणाली (नेप्से अनलाइन ट्रेडिङ सिस्टम–नट्स)मा पहुँच पुर्‍याउनका लागि ब्रोकरहरूले प्रयोग गर्ने 'डाइरेक्ट नट्स एक्सेस' (डिएनए) लगइन हुन नसक्दा समस्या देखिएको हो । यद्यपि के कस्तो प्राविधिक कारणले डिएनएमा लगइन हुन सकेन र ब्रोकरहरूको कारोबार व्यवस्थापन प्रणाली (टिएमएस)मा समस्या देखियो भन्ने अझै खुलेको छैन ।

साइबर सुरक्षा र पूँजीबजारको संवेदनशीलताका हिसाबले निकै गम्भीर यो घटनालाई डिएनएसम्बन्धी प्राविधिक सेवा उपलब्ध गराइरहेको कम्पनी र त्यस्तो सेवा लिइरहेका ब्रोकर कम्पनीहरूले सामान्य प्राविधिक समस्याका बताइरहेका छन् भने नियामक नेपाल धितोपत्र बोर्डले यस विषयमा अनभिज्ञता जनाएको छ ।

नेपाल स्टक एक्सचेन्जका सूचना अधिकारी मुराहरि पराजुलीले केही धितोपत्र दलालहरूको प्रणालीमा समस्या देखिएपछि कारोबार प्रभावित भएको पुष्टि गरे । "बिहान डिएनए लगइन नहुँदा समस्या देखिएको भन्ने जानकारी नेप्सेमा आएको छ । त्यसको केही समयपछि समस्या समाधान भएको र कारोबार पुनः सञ्चालन भएको जानकारी पाएका छौं । यस विषयमा थप जानकारी लिइरहेका छौं," पराजुलीले भने ।

ब्रोकरहरूको कारोबार व्यवस्थापन प्रणाली (टिएमएस)मा समस्या देखिंदा आज बिहान करीब २५ मिनेट कारोबार प्रभावित भएको कालिका सेक्युरिटिजका अध्यक्ष नरेन्द्रराज सिजापतिले जानकारी दिए । के कस्तो प्राविधिक समस्याका कारण टिएमएसमा अवरोध भएको हो भन्ने कुरा ब्रोकर कम्पनीहरूलाई डिएनए सुविधा उपलब्ध गराइरहेको कम्पनी वाइकोलाई जानकारी हुने उनको भनाइ छ ।

ब्रोकर कम्पनीलाई डिएनए सुविधा उपलब्ध गराइरहेको वाइकोका प्रबन्धक अमृत आचार्यले आन्तरिक प्रणाली (नेटवर्क)मा समस्या देखिएका कारण केहीबेर डिएनए लगइन हुन नसकेको बताए ।

"बिहान नेटवर्कमा केही समस्या देखिएको थियो, जस कारण कनेक्सनमा समस्या देखिएको हो । अहिले समस्या समाधान भइसकेको छ," उनले भने । अधिकांश ब्रोकर कम्पनीले वाइकोमार्फत सेवा लिइरहेकामा त्यस्तो सेवा लिइरहेका ६० प्रतिशत ब्रोकरहरूको टिएमएस प्रभावित भएको आचार्यको भनाइ छ । आजको घटनालाई साइबर सुरक्षाका दृष्टिले गम्भीर नभई सामान्य प्राविधिक समस्याका रूपमा बुझ्न आचार्यले आग्रह गरे ।

धितोपत्र कारोबार सञ्चालन नियमावली, २०७९ को व्यवस्था हेर्दा आजको घटनामा धितोपत्र दलाल व्यवसायीहरूको लापरवाही मात्र नभई नियामकको पनि गम्भीर त्रुटि देखिएको जानकार बताउँछन् । नियमावलीको व्यवस्था अनुसार धितोपत्र कारोबार सदस्यहरूले त्यस्तो कारोबार सञ्चालन गर्न नेप्सेको प्रणालीसँग आबद्ध हुनेगरी आफैं कारोबार व्यवस्थापन प्रणालीको स्थापना गर्नुपर्ने उल्लेख छ । तर धितोपत्र कम्पनीहरूले भने तेस्रो पक्षको कम्पनीका रूपमा वाइकोमार्फत सेवा लिइरहेका छन् ।

त्यस्तै, नेटवर्कसम्बन्धी घटना, गडबडी र आक्रमण पहिचानका लागि सुरक्षा अनुगमन प्रणाली स्थापना गर्नुपर्ने, साइबर आक्रमणसम्बन्धी घटना र समस्याको निराकरणका लागि तत्काल सम्बोधन गर्ने व्यवस्था तथा सुरक्षाका लागि अनुगमन गर्नुपर्ने, बिजनेस रिकभरी म्यानेजमेन्ट प्रणाली स्थापना गर्ने, कारोबार व्यवस्थापन प्रणाली सञ्चालनका लागि आवश्यक पर्ने सर्भर भण्डारण (स्टोरेज) क्षमता, सुरक्षा व्यवस्थापन (फायरवाल), नेटवर्क र सैन स्वीच तथा अन्य पूर्वाधार निर्माण गर्नुपर्नेलगायत नियमावलीका व्यवस्था कार्यान्वयन भए नभएकोबारे नियामकले अनुगमन र कारबाही गर्न सकेको छैन । नियामक नेपाल धितोपत्र बोर्डका प्रवक्ता डा नवराज अधिकारीले आजको घटनाबारे बोर्डमा कुनै पनि जानकारी नआएको बताए ।

नेप्सेले धितोपत्र दलालहरूलाई आफैं डाटा सेन्टर राख्न, प्राविधिक जनशक्ति राख्न भने पनि धितोपत्र दलालहरूले तेस्रो पक्षबाट यो सुविधा लिंदै आएका छन् ।

# सहकारी छानबीन समितिको प्रतिवेदन प्रतिनिधिसभामा पेश

काठमाडौं, ३१ भदौ/रासस

प्रतिनिधिसभाको सोमवारको बैठकमा सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबीन विशेष समितिको प्रतिवेदन पेश भएको छ ।

समितिका सभापति सूर्यबहादुर थापा क्षेत्रीले 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबीन विशेष समितिको प्रतिवेदन, २०८१' पेश गरेका हुन् । मुलुकको समग्र वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याका सम्बन्धमा कानूनविपरीत बचतकर्ताहरूको बचत रकम दुरुपयोगबारे संसदीय छानबीन समितिको माग भएबमोजिम गत जेठ १५ गते सात सदस्यीय संसदीय छानबीन विशेष समिति गठन भएको थियो ।

प्रतिवेदन पेश गर्दै समितिका सभापति थापाले सहकारी संस्थामा रकम दुरुपयोग सम्बन्धमा अध्ययन र छानबीन गरी तथ्यका आधारमा प्रतिवेदन पेश गरिएको बताए । उनका अनुसार समितिले गत जेठ २३ गते पहिलो बैठक बसी कार्य प्रारम्भ गरेको थियो । प्राप्त कार्यादेशमा केन्द्रित रही यस अवधिमा ६६ वटा बैठक सम्पन्न गरेको थियो । समितिले छानबीनका क्रममा सोधपूछ, छलफल र अनुसन्धान गरी तथ्यका आधारमा सत्य खोज्ने प्रयास गरिएको उनले उल्लेख गरे ।

सभापति थापाले मुलुकमा सहकारी समस्या विकराल बनिरहँदा समस्याको पहिचान र समाधान गर्ने सन्दर्भमा सरोकारवालासँग सोधपूछ र छलफल गरेर प्रतिवेदन तयार गरिएको जानकारी दिए । समितिले सोधपूछ र छानबीनका लागि जिबी राईसहित २९ जनालाई समितिमा ल्याउन आग्रह गरिएकामा केही व्यक्ति मात्रै समितिमा आएको उनले उल्लेख गरे ।

समितिले विभिन्न क्षेत्रका ४५१ जनासँग जानकारी, छलफल र सुझाव लिएको थियो । समिति विभिन्न १४ वटा बैठकमा गोरखा मिडिया नेटवर्कसहित संस्थाको आरोपित ४७ जना सञ्चालकसँग बयान लिएको थियो । समितिले विभिन्न सरोकारवालासँग छलफल गरी सहकारी अवधारणा र यसको सङ्कटबारे पनि छलफल गरेको जनाइएको छ ।

सभापति थापाले सहकारी संस्थाको नियमन सम्बन्धित १४ विषयमा सुझाव दिएको र गोरखा मिडियाका सम्बन्धमा आठवटा सुझाव प्रस्तुत गरेको बताए ।

उनले भने, "सहकारी क्षेत्र धरापमा छ, तर सम्भावना पनि धेरै छ । छरिएको पूँजी एकीकृत गरेर जीवन रूपान्तरणका लागि सहकारीलाई सुधारमार्फत पुनरुत्थान र जगेर्ना गर्न सामूहिक प्रयत्न जरुरी छ ।"

सभापति थापाले सहकारीका माध्यमबाट अर्थतन्त्रलाई माथि उठाउन सबै लाग्नुपर्नेमा जोड दिए । नेपालको सहकारी क्षेत्रले नक्कलीको बिगबिगी बेहोरिरहेको, विवाह नक्कली, बैठक र साधारणसभा नक्कली बनाएर, खाता, लेखापरीक्षण र कार्यप्रणाली गलत भन्दै कानून र इमानविपरीतका गतिविधि अन्त्य गरी सुधारका लागि लाग्नुपर्नेमा उनले जोड दिए ।

उनले समितिको आज अन्तिम बैठकले प्रतिवेदन पारित गरी संसद्मा पेश गरिएको जानकारी दिए । तथ्य प्रमाणको आधारमा १८ परिच्छेदमा प्रतिवेदन तयार पारिएको र प्रतिवेदनले औंल्याएको विषय कार्यान्वयन गर्न पनि समितिका सभापति थापाले आग्रह गरे । उनले सरकार, संसद्, मन्त्रीलगायत सबै सराकोरवालाको सहयोगप्रति आभार व्यक्त गरे ।

प्रतिवेदनमार्फत सहकारी क्षेत्रमा अविश्वासको कालो बादल मडारिरहेको अवस्थामा साझा समस्यालाई एक ठाउँमा उभिएर समाधान खोज्न प्रयास गरिएको उनले उल्लेख गरे ।

बैठकमा सभामुख देवराज घिमिरेले सभामा प्रस्तुत सहकारी संसदीय छानबीन विशेष समितिको प्रतिवेदन आवश्यक कार्यार्थ नेपाल सरकारलाई पठाउन संसद् सचिवालयलाई निर्देशन दिए ।



**तिलिचोताल** : मनाङ डिस्याङ गाउँपालिका–९ स्थित तिलिचोताल । विश्वको अग्लो स्थानमा अवस्थित तालहरूमध्येको एक यो ताल समुद्री सतहदेखि चार हजार ९१९ मिटरमा रहेको छ भने चार दशमलव आठ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ । तस्बिरः नवीन लामिछाने/रासस

# नेप्से परिसूचक ५७ अङ्कले घट्दा कारोबार रकम साढे सात अर्बमा खुम्चियो

काठमाडौं, ३१ भदौ/रासस

यो साता कारोबारको लगातार दोस्रो दिन पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ ।



आइतवार ५० अङ्कले घटेको नेप्से परिसूचक सोमवार ५७ दशमलव ०३ अङ्कले घटेको छ ।

नेप्से परिसूचक दुई दशमलव १६ प्रतिशतको गिरावटपछि आज दुई हजार ५८० दशमलव ७६ को बिन्दुमा झरेको छ । परिसूचक करीब दुई महीनापछि दुई हजार पाँच सयको बिन्दुमा ओर्लिएको हो ।

आज विभिन्न ३१२ कम्पनीका एक करोड ७० लाख ६१ हजार ८०७ कित्ता शेयर ९२ हजार ८१५ पटक खरीद–बिक्री हुँदा रु सात अर्ब ३६ करोड १९ लाख ८८ हजारको कारोबार भएको छ ।

आज सबै समूहका उपसूचक रातो देखिएका छन् । सबैभन्दा धेरै वित्त समूह पाँच दशमलव ६६ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव ५९, विकास बैंक दुई दशमलव ७२, होटल तथा पर्यटन दुई दशमलव ४८, जलविद्युत् दुई दशमलव २८, लगानी दुई दशमलव ५३ र जीवन बीमा एक दशमलव ९१ प्रतिशतले घटेका छन् । त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ७१, लघुवित्त दुई दशमलव ४३, म्युचुअल फन्ड एक दशमलव १७, निर्जीवन बीमा एक दशमलव ९१, व्यापार दुई दशमलव ७६ र अन्य समूह दुई दशमलव ३३ प्रतिशतले घटेका छन् ।

आजको कारोबारमा आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सबैभन्दा धेरै घट्नेमा गुडविल फाइनान्स लिमिटेडको शेयर मूल्य नौ दशमलव ९१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको रु ३१ करोड ११ लाख ४९ हजार ७३६ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने लक्ष्मी सनराइज बैंक प्रमोटर शेयर पाँच लाख ७७ हजार ७८९ कित्ता खरीद–बिक्री भएको छ ।

# सीताराम येचुरी र नेपालसँगको सम्बन्ध

**स्वतन्त्र विचार**



श्रीमन्नारायण
an_shriman@yahoo.com

**सीताराम येचुरीको नेपालसँगको सम्बन्ध ऐतिहासिक, राजनीतिक र वैचारिक दृष्टिले महत्त्वपूर्ण छ। भारतीय कम्युनिस्ट पार्टीका नेताका रूपमा उनले नेपालमा कम्युनिस्ट आन्दोलनको समर्थन गर्दै, लोकतान्त्रिक स्थायित्वका लागि योगदान दिएका थिए।**

**परिचय**

सीताराम येचुरी भारतीय राजनीतिका एक प्रमुख वामपन्थी नेता थिए। भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)को महासचिवका रूपमा उनले आफ्नो प्रभावशाली राजनीतिक यात्रा तय गरेका थिए। भारतीय राजनीतिमा मात्रै नभई दक्षिण एशियाली परिदृश्यमा पनि उनको महत्त्वपूर्ण भूमिका रहेको छ। नेपालसँगको सम्बन्धमा येचुरीको राजनीतिक, वैचारिक र व्यक्तिगत भूमिकालाई विशेष महत्त्वका साथ हेर्न सकिन्छ। नेपाल-भारतको राजनीतिक, सांस्कृतिक र सामाजिक सम्बन्धमा गहिरो बुझाइ राख्दै, उनी नेपालका विभिन्न राजनीतिक घटनाक्रममा सघाउन सक्रिय रहन्थे। यस आलेखमा सीताराम येचुरी र नेपालको सम्बन्धलाई विस्तृतरूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

**सीताराम येचुरीको पृष्ठभूमि**

सीताराम येचुरीको जन्म १२ अगस्त १९५२ मा तमिलनाडुको मद्रास (हाल



चेन्नई)मा भएको थियो। उनी विद्यार्थी जीवनबाट नै राजनीतिक आन्दोलनमा संलग्न थिए। भारतको प्रतिष्ठित जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू)मा अध्ययनका क्रममा उनले विद्यार्थी राजनीति र वामपन्थी आन्दोलनमा सक्रियता बढाए। सन् १९७५ मा इन्दिरा गाँधीको आपत्काल अवधिमा उनले सरकारविरुद्ध आवाज उठाउँदा जेल जानुपर्‍यो, जसले उनको राजनीतिक चेतनालाई अझै दृढ बनायो। भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)मा औपचारिकरूपमा आबद्ध भएपछि उनले पार्टीका विभिन्न तहमा महत्त्वपूर्ण भूमिकाहरू निर्वाह गरे।

**नेपालसँग सीताराम येचुरीको प्रारम्भिक सम्बन्ध**

नेपालको राजनीति भारतको राजनीतिसँग गहिरोरूपमा जोडिएको छ। नेपालमा लामो समयदेखि चलेको कम्युनिस्ट आन्दोलनमा भारतीय कम्युनिस्ट पार्टीहरूको ऐतिहासिक भूमिका रहँदै आएको छ। यस क्रममा सीताराम येचुरीले नेपालको राजनीतिक परिदृश्यलाई सूक्ष्मरूपमा अध्ययन गर्दै आफ्नो दृष्टिकोण बनाएका थिए। नेपाली कम्युनिस्ट नेताहरू र भारतीय वामपन्थी नेताहरूबीचको सम्बन्धले नेपाल-भारत सम्बन्धलाई नयाँ दिशा दिएको छ। नेपालमा माओवादी विद्रोह र त्यसपछिको शान्ति प्रक्रियामा सीताराम येचुरीको भूमिका निकै महत्त्वपूर्ण मानिन्छ।

**माओवादी आन्दोलन र येचुरीको कूटनीतिक भूमिका**

नेपालमा सन् १९९६ मा शुरू भएको माओवादी विद्रोहले राजनीतिक अस्थिरता र सङ्घर्षको वातावरण सिर्जना गर्‍यो। यो विद्रोहको सन् २००६ मा अन्त्य भएपछि नेपाल ठूलो राजनीतिक परिवर्तनको चरणमा प्रवेश गर्‍यो। माओवादी विद्रोह र त्यसपछिको शान्ति प्रक्रियामा सीताराम येचुरीले मध्यस्थकर्ताको भूमिका खेले। उनी भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)को प्रतिनिधिका रूपमा नेपालमा माओवादी र अन्य वामपन्थी दलहरूसँग निरन्तर संवादमा रहे।

विशेषगरी, सन् २००६ मा नेपालको १२ बुँदे सम्झौतामा सीताराम येचुरीको भूमिका अत्यन्त महत्त्वपूर्ण थियो। यो सम्झौता नेपाली माओवादी, प्रमुख दलहरू, र राजा ज्ञानेन्द्रबीचको टकरावलाई समाप्त गर्ने दिशामा अग्रसर थियो। १२ बुँदे सम्झौताले नै नेपालमा लोकतन्त्र पुनर्स्थापना गर्न र माओवादीलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियामा सहभागी गराउन वातावरण तयार गर्‍यो। यस सम्झौतालाई सफल बनाउने प्रक्रियामा सीताराम येचुरीले माओवादी नेताहरू प्रचण्ड, बाबूराम भट्टराईलगायतका नेताहरूसँग नजीकमा रहेर काम गरे। उनी नेपालका प्रमुख राजनीतिक दलहरू र भारतीय सरकारबीच सेतुको रूपमा देखिए।

**नेपालको शान्ति प्रक्रिया र येचुरीको योगदान**

नेपालको शान्ति प्रक्रियामा भारतीय कम्युनिस्ट पार्टीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। सीताराम येचुरीले नेपालमा शान्तिपूर्ण राजनीतिको लागि भारतको समर्थन सुनिश्चित गरे। नेपालमा राजनीतिक अस्थिरता रहेका बेला भारतको कूटनीतिक दृष्टिकोणले नेपालमा शान्ति स्थापना र संविधान निर्माण प्रक्रियालाई सघाए। नेपालमा संविधानसभाको निर्वाचन र संविधान निर्माणको लामो प्रक्रियामा पनि येचुरीले आफ्नो सहयोगी भूमिका जारी राखे।

सीताराम येचुरीको विचारमा नेपालको राजनीतिक स्थिरता भारतको हितमा छ। उनी सधैं नेपालका राजनीतिक दलहरूलाई वार्ता र समझदारीका आधारमा समस्याहरू समाधान गर्न उत्प्रेरित गर्थे। नेपालको राजनीतिक अस्थिरताका कारण उत्पन्न हुन सक्ने क्षेत्रीय अस्थिरताबाट जोगिन भारतले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उनको धारणा थियो। यसै क्रममा येचुरीले भारत-नेपाल सम्बन्धलाई सन्तुलनमा राख्ने प्रयत्न गरे।

**संविधान निर्माणमा येचुरीको समर्थन**

नेपालको संविधान निर्माण प्रक्रिया निकै चुनौतीपूर्ण थियो। विभिन्न राजनीतिक दलहरूबीचको वैचारिक मतभेद, पहिचानका मुद्दाहरू र सङ्घीयताको स्वरूपलाई लिएर लामो समयसम्म सहमति जुट्न सकेन। यस क्रममा पनि सीताराम येचुरीले नेपालको संविधान निर्माण प्रक्रियामा सकारात्मक भूमिका खेले। उनले नेपाली नेताहरूसँगको निरन्तर संवादका माध्यमबाट संविधानसभामा सहमति जुटाउन योगदान दिए।

नेपालको संविधानको अन्तिम मस्यौदा तयार भएको बेला भारतको सत्तारूढ दलको केही असन्तुष्टि भए तापनि येचुरीले नयाँ संविधानलाई नेपालको स्वाभाविक विकासको चरणका रूपमा स्वीकार गरे। उनले भारत सरकारले नेपालको आन्तरिक मामिलामा अनावश्यक हस्तक्षेप गर्न नहुने स्पष्ट धारणा राखे।

**भारत-नेपाल सम्बन्धमा सीताराम येचुरीको दृष्टिकोण**

भारत र नेपालबीच ऐतिहासिक, सांस्कृतिक, आर्थिक र भौगोलिक सम्बन्धले गर्दा आपसी सहयोगको आवश्यकता सधैं रहन्छ। सीताराम येचुरीले यी दुई देशबीचको सम्बन्धलाई मित्रवत् र सन्तुलित राख्न जोड दिएका थिए। नेपालमा बढ्दो चिनियाँ प्रभाव र नेपाल-भारतबीचको व्यापारिक असन्तुलनका कारण उत्पन्न हुने चुनौतीहरूका बारे उनले भारतीय नेताहरूलाई सचेत गराउँदै आएका थिए।

येचुरीले नेपाल-भारत सम्बन्धलाई सधैं समानताको आधारमा हेर्नुपर्नेमा जोड दिए। नेपाल एउटा स्वतन्त्र राष्ट्र हो र उसको आन्तरिक मामिलामा हस्तक्षेप गर्नु भारतको हितमा नहुने उनले बारम्बार भनेका थिए। नेपालको राजनीतिक प्रणाली र नेतृत्वलाई भारतले समर्थन गर्नु उपयुक्त छ, तर कुनै प्रकारको दबाब दिनु अनुचित हुनेछ भन्ने उनको स्पष्ट दृष्टिकोण थियो।

**चिनियाँ प्रभावको सन्दर्भमा येचुरीको विचार**

पछिल्लो समय नेपालमा चीनको आर्थिक र राजनीतिक प्रभाव विस्तार हुँदै गइरहेको छ। यसले नेपाल-भारत सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गरिरहेको छ। सीताराम येचुरीको विचारमा भारतले नेपालसँगको आफ्नो सम्बन्धलाई अझै मजबूत बनाउनुपर्नेछ, जसले गर्दा बाह्य शक्ति (विशेषगरी चीन)को प्रभाव सीमित गर्न सकियोस्। नेपाल र भारतबीचको सांस्कृतिक र ऐतिहासिक सम्बन्धलाई बलियो बनाउँदै आपसी आर्थिक र राजनीतिक साझेदारीलाई प्रगाढ बनाउनु नै दुवै देशको हितमा हुनेछ।

सीताराम येचुरीको नेपालसँगको सम्बन्ध ऐतिहासिक, राजनीतिक र वैचारिक दृष्टिले महत्त्वपूर्ण छ। भारतीय कम्युनिस्ट पार्टीका नेताका रूपमा उनले नेपालमा कम्युनिस्ट आन्दोलनको समर्थन गर्दै, लोकतान्त्रिक स्थायित्वका लागि योगदान दिएका थिए। नेपाली माओवादी विद्रोहको शान्तिपूर्ण समाधानदेखि लिएर नेपालको संविधान निर्माणसम्म उनले आफ्नो कूटनीतिक र राजनीतिक प्रभावलाई सही ढङ्गले प्रयोग गरेका छन्।

सीताराम येचुरीले नेपाल-भारत सम्बन्धलाई एक असल छिमेकी राष्ट्रको सम्बन्धका रूपमा विकास गर्न सधैं प्रयास गरेका थिए। उनी नेपालमा बाह्य हस्तक्षेपविरुद्ध आवाज उठाउँदै स्वतन्त्र र सशक्त नेपालको पक्षमा सधैं उभिन्थे। नेपालको राजनीतिक स्थिरता र प्रगतिको लागि उनले खेलेको भूमिकाले उनी नेपाली राजनीतिमा एक सकारात्मक व्यक्तित्वको रूपमा स्मरणीय रहनेछन्।



**कान्तिताल** : नेपालगंज उपमहानगपालिका वडा नं २१ र २२ को सिमानामा सिंचाइ प्रयोजनका लागि २५ बिघा क्षेत्रफलमा निर्माण गरिएको मानवनिर्मित कान्तिताल। तस्बिरः रूपनी जिएम/रासस

## फरक समाचार

### के तपाईंलाई पनि माटो खान मन लाग्छ ?

बच्चा एवं महिलाहरूलाई बत्ती, चक वा माटो खाएको देखेका छौं। यस्तो लत शरीरको लागि हानिकारक हुन्छ। यो एक प्रकारको बिमारी हो, जसलाई जियोफेजिया भनिन्छ। साधारण स्थितिमा माटो खान मन लाग्नु शरीरमा क्रेविङ क्याल्शियमको कमीको कारण हुन्छ तर यो एउटा बिमारीको लक्षण पनि हो।




माटो खानुको सीधा सम्बन्ध पाइका नामक बिमारीसँग हुन्छ। यस बिमारीमा मान्छेलाई माटो खाने लत लाग्छ। यस्तो स्थिति बढीजसो गर्भवती महिलामा देखिन्छ। माटो खाने लत कुनै नशाको समान हुन्छ।

विज्ञहरूका अनुसार पाइका एउटा यस्तो बिमारी हो, जुन व्यक्तिलाई लागेपछि खान नहुने वस्तु खान मन लाग्छ। यस रोगको नाम पक्षीको नाममा राखिएको हो। पाइका एउटा यस्तो पक्षीको नाम हो, जसले जेसुकै पनि खान्छ, त्यस कारण यस रोगको नाम पाइका राखिएको हो।

क्याल्शियम, आइरनको कमीको कारण पनि धेरैलाई माटो खान मन लाग्छ। यस रोगमा महिलाहरूलाई माटो खान मन लाग्छ र त्यो माटो खाएपछि उनीहरूको पेटमा थुप्रै समस्या हुन थाल्छन्। पटक-पटक माटो खानाले आन्द्रामा अवरोध उत्पन्न हुन्छ, कलेजोमा नकारात्मक प्रभाव पर्छ। माटो खाने बच्चा र ठूलाबडामा शरीर सुन्निने, पाचन प्रक्रिया बिग्रिने, एनिमिया हुन सक्छ। शरीरमा हेमोग्लोबिन कम भएपछि रगतले अक्सिजन पाउँदैन र एनिमिया हुने गर्छ।

### वैज्ञानिकले बनाए सूक्ष्म क्यामरा

अमेरिकाका वैज्ञानिकले एउटा माइक्रोस्कोपिक क्यामरा बनाएका छन्, जुन हातमा राख्दा सजिलै हेर्न सकिंदैन। यो क्यामराको आकार आधा मिलिमिटर छ र यो काँचबाट बनाइएको हो। प्रिन्सटन युनिभर्सिटी र युनिभर्सिटी अफ वाशिङ्टनका शोधकर्ताहरूले बनाएको यस सूक्ष्म क्यामराले पाँच लाख गुना ठूलो तस्वीर खिच्न सक्छ। यस क्यामराको उपयोग मेडिकल क्षेत्रमा गरिने भएको छ। यस सानो क्यामरालाई सजिलै शरीरभित्र पसाएर फोटो खिच्न चिकित्सकलाई सजिलो हुनेछ। इथान सेंगले तयार गरेको यस क्यामरामा १.६ मिलियन सिलिंड्रिकल पोस्ट छ।



क्यामरा सूक्ष्म भएपनि यसले वाइड एङ्गलको फोटो खिच्न सक्छ र यसको गुणस्तर पनि निकै राम्रो छ। अहिलेसम्मको माइक्रो क्यामरामा तस्वीरको किनार धमिलो हुने गर्थ्यो तथा रङ्गमा पनि समस्या हुन्थ्यो तर यस सूक्ष्म क्यामरामा यी समस्या हुनेछैनन्। यसले प्राकृतिक प्रकाशमा पनि राम्रो काम गर्छ भने लेजर लाइटमा पनि गुणस्तरीय तस्वीर दिन सक्छ। १२० डिग्री फिल्ड भ्यू दिने र एक्सटेन्डेड फोकस रेन्ज ३ मिलिमिटरदेखि ३० मिलिमिटरसम्मको हुन्छ। यसबाट ३० फ्रेम/प्रतिसेकेन्ड रेकर्ड हुने गर्छ।

### सेतो सर्टमा मसीको दाग कसरी हटाउने ?

सेतो सर्ट वा जिन्समा कलमको मसीको दाग लागेपछि हटाउन निकै गाह्रो हुन्छ। प्रायः हामी कपडामा लागेको दाग हटाउन भेनेगर, बेकिङ सोडा, कागती प्रयोग गर्छौं तथा घरेलु वस्तुबाट पनि दाग हटाउने गर्छौं तर बलपेनको मसीको दाग हटाउन निकै गाह्रो हुन्छ। यस प्रकारको दाग हटाउनको लागि डिनेचर्ड अल्कोहल वा मिथाइलेटेड स्प्रिट आवश्यक पर्छ। डिनेचर्ड अल्कोहल हार्डवेयरको पसलमा पाइन्छ। यो अल्कोहलमा थोरै दूध र सोपी वाटर मिलाएर एउटा भाडामा राख्ने र त्यसमा दाग लागेको कपडालाई डुबाएर राख्ने। त्यसपछि थोरै रगडेर अर्को भाडामा अल्कोहल राखेर रगड्नुपर्छ। जबसम्म दाग मेटिंदैन यस्तै गर्नुपर्छ। त्यसपछि यसलाई सुकाउने। यदि दाग पूर्णरूपमा गएको छैन भने त्यसमा नून राखेर रगड्नुपर्छ तथा कपडालाई धुनुपर्छ। यसरी मसी लागेको दाग सजिलै हटाउन सकिन्छ।



कपडामा मसीको दाग लाग्नेबित्तिकै यस्तो प्रक्रिया गर्दा कपडाको दाग हटाउन सकिन्छ नत्र धेरै दिनपछि यस्तो प्रक्रिया गर्दा दाग हटाउन गाह्रो हुन्छ।

### एटोपिक डर्मेटाइटिसको लक्षण

छाला सुक्खा र रातो हुन्छ, रातिको समयमा बढी चिलाउँछ। छाला मोटो भएर फाट्न थाल्छ। चिलाएपछि सुन्निन्छ। अनुहार र टाउकोमा ससाना दाना निस्किन्छन्, जसबाट तरल पदार्थ निस्किन्छ। खासगरी हात, खुट्टा, घुँडा, घाँटीमा खैरो रङको दागधब्बा देखिन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



## अन्तर्राष्ट्रिय समाचार

# जापानमा वृद्धवृद्धाको सङ्ख्या उच्च

टोकियो, ३१ भदौ/एएफपी

जापानमा यस वर्ष ६५ वर्ष वा सोभन्दा बढी उमेर समूहका व्यक्तिको सङ्ख्या तीन करोड ६२ लाख ५० हजार पुगेको सरकारी तथ्याङ्कले देखाएको छ।

विश्वका २०० देश र एक लाखभन्दा बढी जनसङ्ख्या भएका क्षेत्रको सूचीमा ज्येष्ठ नागरिकको अनुपातका आधारमा जापान शीर्ष स्थानमा रहेको मन्त्रालयले जनाएको छ।



जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले आइतवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार जापानको कुल जनसङ्ख्याको २९.३ प्रतिशत वृद्धवृद्धा रहेका छन्।

इटाली, पोर्चुगल, ग्रीस, फिनल्यान्ड, जर्मनी र क्रोएशियाले युरोपको प्रतिनिधित्व गर्दै शीर्ष १० मा २० प्रतिशतभन्दा बढी वृद्धवृद्धाको जनसङ्ख्या दर भएका मुलुकका रूपमा प्रतिनिधित्व गरेका छन्।

दक्षिण कोरियामा १९.३ प्रतिशत र चीनमा १४.७ प्रतिशत वृद्धवृद्धाको जनसङ्ख्या रहेको छ।

जापानले बढ्दो जनसङ्ख्या सङ्कटको सामना गरिरहेको छ। बढ्दो वृद्ध जनसङ्ख्याले चिकित्सा र कल्याणकारी लागत बढाउँछ साथै यसको लागि भुक्तानी गर्न श्रम शक्ति घट्दै जान्छ।

जापानको सरकारी तथ्याङ्क अनुसार देशको कुल जनसङ्ख्या पाँच लाख ९५ हजारले घटेर १२ करोड ४० लाखमा झरेको छ।

आइतवारको तथ्याङ्क अनुसार सन् २०२३ मा जापानमा ९१ लाख ४० हजार वृद्धवृद्धाले कुनै न कुनै रोजगार पाएका छन्। उनीहरूले कुल श्रमशक्तिको १३.५ प्रतिशत प्रतिनिधित्व गर्छन् वा हरेक सातमा एकजना रोजगार कर्मचारीको प्रतिनिधित्व गर्छन्।

जापान सरकारले आफ्नो जनसङ्ख्याको ह्रास र वृद्ध जनसङ्ख्यालाई सन्तुलनमा राख्ने प्रयासस्वरूप विभिन्न योजना सार्वजनिक गरेको भएपनि यसले सार्थकता पाउन सकेको छैन। रासस

# पाकिस्तानका १० सांसदलाई जमानत दिइयो

इस्लामाबाद, ३१ भदौ/एएफपी

पाकिस्तानको एक आतङ्कवादविरोधी अदालतले जेलमा रहेका पूर्व प्रधानमन्त्री इमरान खानको पार्टीका १० जना सांसदलाई सोमवार जमानत दिएको छ।

राजधानी इस्लामाबादमा एउटा ठूलो ¥याली नेतृत्व गरेको दुई दिनपछि खानको पाकिस्तान तेहरिक–ए–इन्साफ (पिटिआई) पार्टीका १० सांसदसहित कम्तीमा ३० जनालाई गत मङ्गलवार हिरासतमा लिइएको थियो।

आतङ्कवादविरोधी अदालतले उनीहरूलाई जमानतस्वरूप ३० हजार पाकिस्तानी रुपियाँ (१०० अमेरिकी डलर) तोकेको छ।

गत वर्षको अगस्तमा खानलाई जेल चलान गरिएपछि पिटिआईले व्यापक दमनको सामना गर्नुपरेको छ। यसलाई राजनीतिक पूर्वाग्रहबाट प्रेरित, आफूलाई सत्ताबाट टाढा राख्नका लागि डिजाइन गरिएको योजनाका रूपमा पूर्वप्रधानमन्त्री खानले आरोप लगाउँदै आएका छन्।

जमानतमा रिहा गरिएका ती १० जना सांसदमध्ये कतिपयलाई राष्ट्रिय सभाको कार्यालयमा नै सुरक्षा नियन्त्रणभित्र राखिएको थियो। उनीहरूमाथि आतङ्कवादविरोधी ऐन अन्तर्गत मुद्दा चलाइएको थियो।

उनीहरूमाथि ¥याली हुनुभन्दा केही दिन अघि पारित गरिएको शान्तिपूर्ण सभा र सार्वजनिक व्यवस्था ऐनको उल्लङ्घन गरेको आरोप लगाइएको थियो। यस घटनालाई लिएर अधिकारवादी समूहहरूले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण विरोध प्रदर्शनलाई कुण्ठित गर्ने प्रयास भएको बताएका छन्।




दुई वर्ष अघि खानलाई पदच्युत गरेदेखि नै पिटिआई र सेनाबीच विवाद बढेको छ।

सन् २०२३ को मे महीनामा भ्रष्टाचारको आरोपमा पूर्व क्रिकेट स्टार खान पक्राउ परेपछि यो विवाद उत्कर्षमा पुगेको थियो।

उनका समर्थकहरूले खानको पक्राउ अवैध रहेको र यो राजनीतिक पूर्वाग्रहका कारण रचिएको प्रपञ्चका रूपमा व्याख्या गर्दै दबाबका लागि भन्दै हिंसक विरोध प्रदर्शन र सैन्य प्रतिष्ठानहरू समेतमा आक्रमण गरेका थिए।

पाकिस्तानको सबैभन्दा शक्तिशाली संस्थाका रूपमा रहेको सेनाले पिटिआईमाथि व्यापक प्रतिबन्ध र दमन शुरू गरेको थियो।

प्रतिबन्धले खानको लोकप्रियता घटाउन असफल भएको छ। पूर्व प्रधानमन्त्रीद्वारा समर्थित उम्मेदवारहरूले २०२४ को चुनावमा सबैभन्दा बढी सिट जितेका थिए।

विश्लेषकहरूका अनुसार खान सन् २०१८ मा सेनाको सहयोगमा सत्तामा पुगेका भए पनि सन् २०२२ मा जनरलसँग मनमुटाव भएपछि उनलाई सत्ताच्युत गरिएको थियो।

संयुक्त राष्ट्रसङ्घका विज्ञहरूको प्यानलले यसै महीना उनलाई हिरासतमा लिइनुमा कुनै कानूनी आधार नभएको र उनलाई राजनीतिक पदका लागि अयोग्य ठह¥याउने उद्देश्यले गरिएको देखिएको बताएको थियो।

अदालतले उनीविरुद्ध लगाइएका थुप्रै अभियोग उल्टाएको छ।

पिटिआईको सामाजिक सञ्जाल र प्रेस टोलीका केही सदस्यहरूलाई गत महीना पक्राउ गरी उनीहरूमाथि 'राज्य विरोधी प्रोपोगन्डा' फैलाएको आरोप लगाइएको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – ईश्वरभक्ति | कर्कट – रोगभय |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुपराजय |
| तुला – सुसमाचार | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – अतिथिआगमन |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**विश्वकर्मा बाबाका मूर्ति :** विश्वकर्मा पूजालाई लक्षित गर्दै सिराहाको लहान नगरपालिका–५ मा बिक्रीका लागि राखिएका माटोबाट बनेका विश्वकर्मा बाबाका मूर्तिहरू। तस्बिर : सुदीप राउत/रासस

# तथ्यहीन प्रचारबाजी नगर्न युटचुबरलाई काउन्सिलको दिर्नेशन

काठमाडौं, ३१ भदौ/रासस

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले हचुवा र तथ्यहीन प्रचारबाजीमा नलाग्न युटचुबरहरूलाई निर्देशन दिएका छन्।




अध्यक्ष बस्नेतले नकारात्मकता त्यागेर सफलताका लागि रचनात्मक पहल लिन सबैलाई आग्रह गरे। सोमवार काउन्सिलमा आयोजित एक कार्यक्रममा उनले युटचुब र अनलाइन सञ्चारमाध्यम हावा सूचनाको पछि लाग्नु प्रेस स्वतन्त्रताको दुरुपयोग हुनेसमेत बताए। उनले भने, "सामाजिक सञ्जालको सदुपयोग भए देश बन्छ। हावा कुराको पछि लाग्नु, अफवाह र भ्रम फैलाउनु दुरुपयोग हो।"

मिडियाको गलत प्रस्तुतिका कारण सिङ्गो समाजमा गलत भाष्य स्थापित भएको भन्दै काउन्सिलले केही महीनादेखि रचनात्मक पत्रकारितालाई अभियानकै रूपमा बहस चलाएको छ। काउन्सिलले बोर्ड बैठकबाट अबको पत्रकारिता समाधानमुखी र रचनात्मक हुनुपर्ने र त्यसलाई देशव्यापी बनाउने निर्णय भएको थियो।

युटचुबसहित सामाजिक सञ्जालमा देखिएका बेथिति रोक्न काउन्सिलले यस्तो अभियान थालेको हो। प्रेस काउन्सिलले पछिल्लो समयमा एकपक्षीय, आधारहीन र तथ्यहीन सूचना सम्प्रेषण गर्ने युटचुबसहितका मिडियालाई कानूनी कारबाही गर्दै आएको छ।

# भावी प्रधानन्यायाधीशमा राउत सिफारिश

काठमाडौं, ३१ भदौ/रासस

संवैधानिक परिषद्को सोमवारको बैठकले सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउतलाई भावी प्रधानन्यायाधीशमा नियुक्तिका लागि सिफारिश गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको संवैधानिक परिषद्को बैठकले भावी प्रधानन्यायाधीशमा राउतलाई सिफारिश गर्ने निर्णय गरिएको उपसभामुख इन्दिरा रानामगरले जानकारी दिइन्। सर्वोच्च अदालतका वर्तमान प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको आगामी असोज १९ गते पदावधि सकिँदैछ।

न्यायपरिषद्ले रिक्त प्रधानन्यायाधीश पदमा वरिष्ठतम् न्यायाधीशमध्येबाट नाम सिफारिश गरेर संवैधानिक परिषद्मा पठाएको थियो। सिफारिश भएका भावी प्रधानन्यायाधीश राउतलाई सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिमा सुनुवाइ भएर अनुमोदन गरेपछि राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ।

प्रधानमन्त्रीको अध्यक्षतामा बसेको बैठकमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिधिसभाका विपक्षी दलका नेता र प्रतिनिधिसभाका उपसभामुख सहभागी थिए।




**रथसहित ...**

आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालय चलान गरेको छ।

जिप्रका रौतहटकी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले प्रहरीले बिआर ३३ एफ ४८६१ नम्बरको भारतीय रथलाई रोक्दा चालक रथ छाडेर भागेको बताइन्।

उनले चेकजाँचको क्रममा बोलेरो गाडीको बडीको स्वरूप परिवर्तन गरी रथ बनाइएको पाइएको र सो रथमा डिजे साउन्ड सिस्टम दुई थान, जेनरेटर एक थान, एम्प्लिफायर एक थान, एलइडी स्टेप्लाइजर एक थान र एलसिडी एक थान बरामद भएको बताइन्।

बरामद सामान गौर भन्सार कार्यालय चलान गरिएको प्रवक्ता गिरीले जानकारी गराइन्। उनले सो सामान चोरी पैठारीबाट नेपालमा बिक्रीको उद्देश्यले ल्याइएको बताइन्।



## श्री नेमधारी वासुदेव नमूना माध्यमिक विद्यालय, मुडवलवा

**(प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत कक्षा ९ बाट सिभिल इन्जिनीयरिङ सञ्चालित)**

(समुदायद्वारा सञ्चालित २०६०)

राजदेवी नगरपालिका, रौतहट

### विषयः लिलामी सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८१/०५/२८)

यस श्री नेमधारी वासुदेव नमूना मावि, मुडवलवा, राजदेवी नगरपालिका–७, रौतहटमा पुराना ट्रस स्टीलका झ्याल, ढोका सामानहरू (इँटबाहेक) लिलामी प्रक्रियाद्वारा बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म वा व्यक्तिहरूलाई लिलामी प्रक्रियामा भाग लिन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। टेन्डर फाराम यस विद्यालयको लेखा शाखाबाट रु १०००/– नगद तिरी खरीद गर्न सकिनेछ। आफूले कबुल गरेको रकमको धरौटी जमानीबापत १० प्रतिशत नगद रकम यस विद्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, गौरमा रहेको खाता नम्बर १२१०१०००००४०९००१ जम्मा गर्नुपर्नेछ। २१औं दिन टेन्डर फर्म दिनको १२:०० बजेभित्र यस विद्यालय प्रशासनमा बुझाउनुपर्नेछ। टेन्डर सोही दिन दिनको ०१:०० बजे फर्म वा व्यक्तिहरूको प्रतिनिधिको रोबरमा खोलिनेछ।

| क्रसं | विवरण | न्यूनतम मूल्याङ्कित रकम | कैफियत |
|---|---|---|---|
| १ | पुरानो फलामको ट्रस तथा झ्यालढोकाहरू | ३५०,०००/– | मूअकरबाहेक |

नोटः आफूले सकार गरेको रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

# आठ वर्षमा तीन सय किलोमिटर हुलाकी सडक

प्रस, जनकपुरधाम, ३१ भदौ/

मधेस प्रदेशका चार जिल्लामा आठ वर्षको अवधिमा ३३५ किलोमिटर हुलाकी सडक निर्माण भएको छ । हुलाकी सडकको निर्माण प्रगतिबारे हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, जनकपुरधामले जानकारी गराएको हो।



योजना निर्देशनालय कार्यालयका सूचना अधिकारी रञ्जीतकुमार रायका अनुसार आर्थिक वर्ष २०७२/७३ देखि आव २०८०/८१ सम्ममा रु आठ अर्ब ५१ करोड ७९ लाखको लागतमा ३३५ किलोमिटर हुलाकी सडक निर्माण गरिएको छ।

उक्त हुलाकी सडक मधेस प्रदेशका धनुषा, महोत्तरी, सिराहा र सर्लाहीमा निर्माण गरिएको हो । चार जिल्लामा कुल ३९३ किमी सडक निर्माण गर्ने लक्ष्य थियो। यस क्रममा साना तथा ठूला गरी ५१ वटा पक्की पुल पनि निर्माण गरिएका छन्।

प्रारम्भमा नेपाल तथा भारत सरकारको लगानीमा हुलाकी सडक निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको भए तापनि पछि भारतले एकमुस्ट सहयोग रकम नेपाल सरकारलाई हस्तान्तरण गरेपछि बाँकी रकम नेपाल सरकारले नै लगानी गरिरहेको छ।

हुलाकी सडक निर्माण भएपछि यस क्षेत्रमा आर्थिक गतिविधि बढ्नुका साथै छेउछाउका जमीनको मूल्य आकाशिएको छ। राजमार्गमा पर्ने ठूला तथा साना बजार आर्थिकरूपले समृद्ध हुँदै गएका छन्। राजमार्गमा सवारीसाधनको चाप बढेको स्थानीय बासिन्दाहरू बताउँछन्।

निर्माण भएको हुलाकी सडकमध्ये सिराहा जिल्लामा कमला–बलान सडक २९ दशमलव ९८ किमी, गोलबजार जमदह लवदी र गरियानी खड्ग सडक २७ दशमलव ४६ किमी छ। त्यसैगरी, धनुषा जिल्लामा कदम चोक–कप्टौल–निकौरिया सडक ३५ दशमलव ५८ किमी, यदुकोहा–खजुरीमहुवा सडक १० किमी र जनकपुरधाम–जलेश्वर भिठ्ठामोड सडक १० दशमलव २६ किमी छन्।

यसैगरी, महोत्तरीमा निर्माण भएका सडकमा २० किमी लामो जनकपुर–बसबिटी–बलुवा–हर्दिपोखर–भिण्डा–संग्रामपुर सडक निर्माण गरिएका छन्। सर्लाहीमा २२ दशमलव ४८ किमी लामो बेल्हीत्रिभुवननगर सडक, २१ दशमलव २० किमी लामो फुलजोड–त्रिभुवननगर सडक तथा ४० दशमलव ३७ किमी लामो शीतलपुर–मलङ्वा–खरैयाटोल सडक छन्।

२६ दशमलव ५९ किमी लामो नवलपुर–मलङ्वा तथा ४० दशमलव ५८ किमी लामो नयाँ रोड–बरहथवा र मधुवनी सडक तथा बरहथवादेखि पश्चिम ५२ किमी सडक निर्माण सम्पन्न भएका छन्। बाँकी रहेका सडकखण्ड जतिसक्दो छिटो सम्पन्न गर्ने लक्ष्य लिएको योजना कार्यालयले जनाएको छ।

# तेरापन्थको आयोजनामा सातौं दिनसम्म ८१३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० भदौ/

तेरापन्थ युवक परिषद् वीरगंजको आयोजनामा सोमवार दुई स्थानमा भएको रक्तदान कार्यक्रममा ७८ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

तेरापन्थ युवक परिषद् वीरगंजको आयोजनामा सोमवार मारुती फर्मा प्रालि वीरगंजमा आयोजित रक्तदान कार्यक्रममा चारजना महिलासहित ५१ जनाले रक्तदान गरेका थिए।

यसैगरी, किरण आँखा अस्पताल वीरगंजमा आयोजित रक्तदानमा दुईजना महिलासहित २७ जनाले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेयले बताए। हिजो त्रिवेणी ग्रुपले आयोजना गरेको रक्तदान कार्यक्रममा ११६ जनाले रक्तदान गरेका थिए।

भदौ २५ देखि असोज ४ गतेसम्म ११ दिने रक्तदान शिविर सञ्चालन घोषणा गरेको तेरापन्थ युवक परिषद्ले यो अवधिमा १५ सय पिन्ट रगत सङ्कलनको योजना बनाएकोमा आज सातौं



दिनसम्म ८१३ पिन्ट रगत सङ्कलन भएको छ। पर्सा र बाराका विभिन्न क्षेत्रमा यो रक्तदान कार्यक्रम सञ्चालन हुँदै आएको छ। अहिले दैनिक बिहान ५ देखि साँझ ५ बजेसम्म रक्तदान कार्यक्रम सञ्चालन हुने गरेको प्राविधिक प्रमुख पाण्डेयले बताए।






## रथसहितका भन्सार चलान

प्रस, रौतहट, ३१ भदौ/

माधवनारायण नगरपालिका–६ स्थित सडकबाट प्रहरी चौकी माधोपुरको टोलीले बलेरो गाडीको बडीको स्वरुप परिवर्तन गरेर बिहेवारीमा प्रयोग हुने रथ बनाएकोमा गाडीसहित त्यसमा रहेका सामानहरू जफत गरेको छ।

गाडीको स्वरूप परिवर्तन गरेर बलेरो गाडीलाई बिहेवारीमा प्रयोग हुने रथ बनाएर त्यसमा डिजे साउन्ड सिस्टमसमेत जडान गरेर प्रयोग भएको पाएपछि प्रहरीले गाडीसहित सामानहरू जफत गर्दै

(बाँकी पाँचौं पातामा)

**शिक्षक ...**

पालिकाका प्रतिनिधिहरूले रिस साँध्ने काम गरेको शिक्षक महासङ्घ पर्साले ठहर गरेको अध्यक्ष यादवले बताए।

वीरगंज महानगर शिक्षा महाशाखाले साउन ११ गते ४६८ जना प्रअ, शिक्षक, बालविकास शिक्षिका र कर्मचारीहरूको एकमुस्ट दरबन्दी मिलान गरेदेखि सो अवधिमा महानगरको शिक्षा क्षेत्र प्रभावित भएको थियो।

# खेलकूदको संसार

## काभा महिला भलिबलः पुलिसले श्रीलङ्काको एयर फोर्सलाई हरायो

काठमाडौं, ३१ भदौ/रासस

विभागीय टोली नेपाल पुलिस क्लबले सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) महिला क्लब च्याम्पियनशिपमा श्रीलङ्का एयर फोर्सलाई पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जीत निकालेको छ।



माल्दिभ्सको राजधानी मालेमा सोमवार भएको खेलमा पुलिसले श्रीलङ्का एयर फोर्सलाई ३–० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गरेको हो। पुलिसले श्रीलंका एयर फोर्समाथि पहिलो सेट २५–१६ ले जित्यो भने खेलको दोस्रो सेट २५–२० ले आफ्नो पक्षमा पार्यो। त्यसैगरी, खेलको तेस्रो तथा अन्तिम सेट २५–२१ ले आफ्नो पक्षमा पार्यो। यस अघि हिजो भएको पहिलो खेलमा पुलिसले उज्वेकिस्तानको हुमो क्लबलाई ३–० को सोझो सेटमा पराजित गरेको थियो।

उक्त प्रतियोगिता अन्तर्गत आफ्नो तेस्रो खेलमा पुलिसले भोलि ताजकिस्तानको भिसी डाइमेडसँग प्रतिस्पर्धा गर्नेछ। गत चैतमा भएको महिला भलिबल लिगमा एभरेस्ट भलिबल क्लबलाई हराउँदै पुलिस च्याम्पियन बनेको थियो। पुलिस लिग विजेताको हैसियतमा काभा महिला क्लब च्याम्पियनशिपमा खेल्न माल्दिभ्स पुगेको हो।

# दुईपटक माइन्युट बूक च्यातिए पनि कालिकामाईको गाउँसभा सम्पन्न

धर्मेन्द्र चौरसिया, पोखरिया, ३१ भदौ/

कालिकामाई गाउँपालिकाको गाउँसभा आइतवार राति बहुमतको आधारमा सम्पन्न भएको छ।




हिजो दिउँसो डाँकिएको गाउँसभामा आठजना स्वास्थ्यकर्मीहरूको नियुक्तिको विषय माइन्युट बूकमा उल्लेख गरिनुपर्ने भन्दै वडाध्यक्ष सोनालाल चौरसियाले आपत्ति जनाएका थिए। उनको मागलाई माइन्युट गर्न नमिल्ने भनेर गापाध्यक्ष वशिष्टकुमार गुप्ताले बताएपछि सो माइन्युट बूकलाई वडाध्यक्ष चौरसियाले च्यातिदिएका थिए।

त्यसपछि अर्को माइन्युट बूक खडा भयो, त्यसमा पनि आठजना स्वास्थ्यकर्मीको नियुक्ति जनाउनुपर्ने माग राख्दै उपाध्यक्ष राजमतीदेवी बरइनले विरोध गरिन्। उनको कुरालाई पनि अध्यक्ष गुप्ताले टेरपुच्छर गरेनन् र आक्रोशित बरइनले पनि माइन्युट बूक च्यातिदिइन्। कालिकामाईमा २९ जना गाउँसभा सदस्य छन्। विगतदेखि उपाध्यक्ष बरइनको पक्षमा एमाले र काङ्ग्रेस गरी १६ र अध्यक्षको पक्षमा १३ जना सदस्य थिए।

असार १० गते गापाका नीति तथा कार्यक्रम पारित भएपनि सोपछिका समयमा भने बजेट पारित हुन सकेको थिएन। पटकपटक बजेटको विषयमा विवाद गर्दै आएकी उपाध्यक्षको खेमा बलियो भएकोले अध्यक्षले गाउँसभा सम्पन्न गर्न सकेका थिएनन्। यसैबीच, नौ वर्षदेखि करारमा कार्यरत १० जनालाई एक वर्षअगाडि हटाएको विषयलाई केही महिना अगाडि उपाध्यक्ष बरइन र एमाले, काङ्ग्रेस तथा माओवादीले जोडसोडका साथ उचालेका थिए।

पछिल्लो पटक यो विषयमा जिल्ला प्रशासन कार्यालय, पर्सामा बैठक बसी एकजना कर्मचारीको निधन भएको, एकजना अन्यत्र काम गरिरहेकाले आठजनाको हकमा गाउँसभाबाट नियुक्त गर्ने सहमति बनेको थियो। तर यसबीचमा नेकाका दुईजना सदस्य उपाध्यक्षको टीमबाट अध्यक्षको टीममा मिल्न गए र अल्पमतका अध्यक्ष बहुमतमा आए।

त्यसैले हिजो साँझ उनी आठजना कर्मचारी नियुक्त गर्नमै अडानमा डटे। अनि गाउँसभामा दुईपटक माइन्युट बूक च्यातेर उपाध्यक्ष बरइनको टोली बाहिरिएपछि बहुमतका आधारमा अध्यक्षले १०औं गाउँसभा सम्पन्न गरेका हुन्।

# पर्सागढीमा कंसवध मेला सम्पन्न

बलिराम शुक्ला, बिरुवागुठी, ३१ भदौ/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीमा परम्परागत कंसवध मेला आइतवार सम्पन्न भएको छ।

पर्सागढी नपा–४ वडा समितिको आयोजनामा भएको कंसवध मेलाको



संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्यले उद्घाटन गर्दै परम्परागतरूपमा मनाईंदै आएको कंसवध मेलालाई पर्सागढीवासीले निरन्तरता प्रदान गरेकोमा खुशी व्यक्त गरे।

उनले असत्यमाथि सत्यको जीत भएको दिन हर्षोल्लासका साथ मनाएर सत्यको बाटोमा हिंड्ने अठोट लिन सुझाए।

वडाध्यक्ष तथा मेला समितिका संयोजक शेख खुर्शेदको अध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख गोकर्ण पाठक, जसपा नेपाल पर्साका सचिव तबरेज अहमद, जसपाका सुरज मानन्धर, साबिर अन्सारी, विजय कर्ण, रोशन लामिछानेलगायतले शुभकामना व्यक्त गरेका थिए।

कंसवध मेलामा हात्तीद्वारा कंसको वध गरिएको थियो भने विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा रामप्रसाद पाठकले स्वागत र बलिराम शुक्लाले सहजीकरण गरेका थिए।


## नेपालको संविधानका मुख्य विशेषताहरू

- जननिर्वाचित संविधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा निहित,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात्,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संविधानवाद एवं लोकतान्त्रिक मूल्य मान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड